# नेपाल राष्ट्र बैंक

## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७९/८० को दश महिनाको तथ्याङ्कमा आधारित)*

### प्रमुख झलक

- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ७.४१ प्रतिशत रहेको छ।*
- *आयात १६.८ प्रतिशतले, निर्यात २४.५ प्रतिशतले र कुल वस्तु व्यापार घाटा १५.९ प्रतिशतले घटेको छ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २३.४ प्रतिशतले र अमेरिकी डलरमा १३.४ प्रतिशतले बढेको छ।*
- *शोधनान्तर स्थिति रु.२१४ अर्ब ६७ करोडले बचतमा रहेको छ।*
- *कुल विदेशी विनिमय सञ्चिति रु.१४७० अर्ब ३३ करोड र अमेरिकी डलरमा ११ अर्ब २१ करोड रहेको छ।*
- *संघीय सरकारको खर्च रु.१०४७ अर्ब ७६ करोड र राजस्व परिचालन रु.७५६ अर्ब २५ करोड रहेको छ।*
- *विस्तृत मुद्राप्रदाय ६.९ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १० प्रतिशतले बढेको छ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ७.३ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा ३.१ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर ११.४ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ३.३ प्रतिशत रहेको छ।*


## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०८० वैशाख महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.४१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.८७ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.५४ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.८९ प्रतिशत रहेको छ।

२. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत मरमसला उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क २६.६१ प्रतिशत, रेष्टुरेण्ट तथा होटलको १४.८७ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १३.६९ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको १०.४१ प्रतिशत र सुर्तीजन्य पदार्थको ८.४९ प्रतिशतले बढेको छ।


चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति



| तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत) | | | |
|---|---|---|---|
| **विवरण** | **२०७९ वैशाख** | **२०७९ चैत** | **२०८० वैशाख** |
| **समग्र मुद्रास्फीति** | **७.८७** | **७.७६** | **७.४१** |
| *खाद्य तथा पेय पदार्थ* | *७.१३* | *६.९३* | *५.५४* |
| *गैर-खाद्य तथा सेवा* | *८.४५* | *८.४२* | *८.८९* |

३. गैर-खाद्य तथा सेवा समूह अन्तर्गत मनोरञ्जन तथा संस्कृति उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १५.७५ प्रतिशत, विविध वस्तु तथा सेवाहरुको १३.०८ प्रतिशत, शिक्षाको १०.५६ प्रतिशत, घरायसी उपयोगका वस्तुहरुको ९.६५ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणहरुको ८.२७ प्रतिशतले बढेको छ ।

४. समीक्षा महिनामा काठमाडौं उपत्यकामा ७.६८ प्रतिशत, तराईमा ७.१५ प्रतिशत, पहाडमा ७.५७ प्रतिशत र हिमालमा ७.१२ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७९ वैशाख महिनामा यी क्षेत्रहरुमा क्रमशः ७.३९ प्रतिशत, ८.१५ प्रतिशत, ७.८९ प्रतिशत र ८.२१ प्रतिशत मुद्रास्फीति रहेको थियो ।



चार्ट २: वैदेशिक व्यापार (दश महिना)

### थोक मुद्रास्फीति

५. २०८० वैशाख महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ३.३१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १६.०६ प्रतिशत रहेको थियो ।

६. समीक्षा महिनामा मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः ७.०४ प्रतिशत र ४.३३ प्रतिशत रहेको छ भने उपभोग्य वस्तुको थोक मूल्य ३.१२ प्रतिशतले घटेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि २.६८ प्रतिशत रहेको छ ।

### तलव तथा ज्यालादर सूचकाङ्क

७. २०८० वैशाख महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ७.६४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ८.५२ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः १२.३९ प्रतिशत र ६.२९ प्रतिशतले बढेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

८. आर्थिक वर्ष २०७९/८० को दश महिनामा कुल वस्तु निर्यात २४.५ प्रतिशतले कमी आई रु.१३० अर्ब ९० करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ५९.८ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ भएको निर्यात ३३.६ प्रतिशतले कमी आएको छ भने चीन तथा अन्य मुलुकतर्फको निर्यात क्रमशः १००.६ प्रतिशत र ८.२ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा जिंक सिट, पार्टिकल बोर्ड, अलैंची, ऊनी गलैंचा, पोलिष्टर धागो लगायतका वस्तुको निर्यात बढेको छ भने सोयाविन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुन चाँदीका सामान तथा गरगहना लगायतका वस्तुको निर्यात घटेको छ ।

९. आर्थिक वर्ष २०७९/८० को दश महिनामा कुल वस्तु आयात १६.८ प्रतिशतले कमी आई रु.१३३५ अर्ब ३२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २८.० प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १५.१ प्रतिशत, २१.० प्रतिशत र १८.६ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा रासायनिक मल, स्पोन्ज आइरन, सुन, पेट्रोलियम पदार्थ, कागज लगायतका वस्तुको आयात बढेको छ भने सवारी साधन तथा स्पेयर पार्टस्, एम.एस.विलेट, औषधी, अन्य मेशिनरी तथा पार्टस्, दूरसञ्चारका उपकरण तथा पार्ट्स लगायतका वस्तुको आयात घटेको छ ।

१०. निर्याततर्फ भैरहवा, सुक्खा बन्दरगाह, कैलाली, कृष्णनगर, मेची, रसुवा, तातोपानी र त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ रसुवा भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।

११. आर्थिक वर्ष २०७९/८० को दश महिनामा कुल वस्तु व्यापार घाटा १५.९ प्रतिशतले कमी आई रु.१२०४ अर्ब ४२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २४.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.८ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १०.८ प्रतिशत रहेको थियो ।

१२. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.११९ अर्ब ६० करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.१८३ अर्ब ९४ करोड बराबरको भएको थियो ।

### वैदेशिक व्यापारको संरचना

१३. वृहत्त आर्थिक वर्गीकरण अनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५४.९ प्रतिशत र ४४.५ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् ०.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ४७.१ प्रतिशत, ०.०२ प्रतिशत र ५२.९ प्रतिशत रहेको थियो ।

१४. समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५३.२ प्रतिशत, पुँजीगत वस्तुको ८.४ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ३८.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ५२.८ प्रतिशत, १०.४ प्रतिशत र ३६.८ प्रतिशत रहेका थिए ।

### निर्यात-आयात मूल्य सूचकाङ्क

१५. वार्षिक विन्दुगत आधारमा २०८० वैशाख महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ४.१ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ०.७ प्रतिशतले बढेको छ । २०७९ वैशाख महिनामा ९.२ प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) २०८० वैशाख महिनामा ३.४ प्रतिशतले बढेको छ ।


### सेवा

१६. समीक्षा अवधिमा खुद सेवा आय रु.५७ अर्ब ७४ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.८८ अर्ब १८ करोडले घाटामा रहेको थियो ।

१७. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय ९३.८ प्रतिशतले वृद्धि भई रु.५१ अर्ब ८८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.२६ अर्ब ७७ करोड रहेको थियो ।

१८. समीक्षा अवधिमा सेवा खाता अन्तर्गत भ्रमण व्यय ३५.३ प्रतिशतले वृद्धि भई रु.१०२ अर्ब ४९ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.७५ अर्ब १४ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.७५ अर्ब ७३ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.५१ अर्ब ३४ करोड रहेको थियो ।

## विप्रेषण आप्रवाह



चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (वैशाख मसान्त)

१९. समीक्षा अवधिमा विप्रेषण आप्रवाह २३.४ प्रतिशतले वृद्धि भई रु.१००५ अर्ब १८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.५ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३.४ प्रतिशतले वृद्धि भई ७ अर्ब ७० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १.२ प्रतिशतले घटेको थियो ।

२०. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ५१.४ प्रतिशतले वृद्धि भई ४,२१,२७९ पुगेको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ३.७ प्रतिशतले वृद्धि भई २,३८,९७६ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १८५.५ प्रतिशतले बढेको थियो ।

२१. समीक्षा अवधिमा खुद ट्रान्सफर २२.५ प्रतिशतले वृद्धि भई रु.१११० अर्ब २२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ०.३ प्रतिशतले बढेको थियो ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

२२. समीक्षा अवधिमा चालु खाता रु.५४ अर्ब ६७ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.५४५ अर्ब ६ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४ अर्ब ५५ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा ४२ करोड ४५ लाखले घाटामा रहेको छ ।

२३. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर २०.५ प्रतिशतले कमी आई रु.६ अर्ब ३६ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु.४ अर्ब ३६ करोड मात्र आएको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.७ अर्ब ९९ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१६ अर्ब ६५ करोड रहेको थियो ।

२४. २०८० वैशाख महिनामा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट एक्स्टेन्डेड क्रेडिट फसिलिटी (ECF) अन्तर्गत दोस्रो किस्ता वापतको रु.६ अर्ब ८८ करोड (अमेरिकी डलर ५ करोड २७ लाख) प्राप्त भएको छ ।

२५. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.२१४ अर्ब ६७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.२८८ अर्ब ५० करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २ अर्ब ४१ करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब ६३ करोडले बचतमा रहेको छ ।

## कुल विदेशी विनिमय सञ्चिति

२६. २०७९ असार मसान्तमा रु.१२१५ अर्ब ८० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २०.९ प्रतिशतले वृद्धि भई २०८० वैशाख मसान्तमा रु.१४७० अर्ब ३३ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७९ असार मसान्तमा ९ अर्ब ५४ करोड रहेकोमा २०८० वैशाख मसान्तमा १७.६ प्रतिशतले वृद्धि भई ११ अर्ब २१ करोड कायम भएको छ ।

२७. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७९ असार मसान्तमा रु.१०५६ अर्ब ३९ करोड रहेकोमा २०८० वैशाख मसान्तमा २४.१ प्रतिशतले वृद्धि भई रु.१३१० अर्ब ६६ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७९ असार मसान्तमा रु.१५९ अर्ब ४१ करोड रहेकोमा २०८० वैशाख मसान्तमा ०.२ प्रतिशतले वृद्धि भई रु.१५९ अर्ब ६८ करोड पुगेको छ । २०८० वैशाख मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.६ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचक

२८. आर्थिक वर्ष २०७९/८० को दश महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११.२ महिनाको वस्तु आयात र ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०८० वैशाख मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः २७.३ प्रतिशत, ८०.७ प्रतिशत र २५.० प्रतिशत रहेका छन्। २०७९ असार मसान्तमा यी अनुपातहरु क्रमशः २४.६ प्रतिशत, ५७.८ प्रतिशत र २२.१ प्रतिशत रहेका थिए।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

२९. अन्तर्राष्ट्रिय बजारमा २०७९ वैशाख मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ११२.१२ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८० वैशाख मसान्तमा ३३.५ प्रतिशतले कमी आई अमेरिकी डलर ७४.५४ कायम भएको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७९ वैशाख मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १८११.५५ रहेकोमा २०८० वैशाख मसान्तमा ११.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २०१९.९० पुगेको छ।

### विनिमय दर

३०. २०७९ असार मसान्तको तुलनामा २०८० वैशाख मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.७९ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ३.७१ प्रतिशतले अवमूल्यन भएको थियो। २०८० वैशाख मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३१.१७ पुगेको छ। २०७९ असार मसान्तमा उक्त विनिमय दर रु.१२७.५१ रहेको थियो।

# सरकारी वित्त स्थिति

## संघीय सरकार

### खर्च तथा राजस्व

३१. आर्थिक वर्ष २०७९/८० को दश महिनामा संघीय सरकारको कुल खर्च नेपाल सरकार, अर्थ मन्त्रालय ( महालेखा नियन्त्रक कार्यालय) का अनुसार रु.१०४७ अर्ब ७६ करोड भएको छ। समीक्षा अवधिमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्चतर्फ क्रमशः रु.७८६ अर्ब ७४ करोड, रु.१२५ अर्ब ६८ करोड र रु.१३५ अर्ब ३४ करोड रहेको छ।

**तालिका २ : सरकारी खर्च तथा राजस्व (दश महिनासम्म)**

| विवरण | रकम (रु.अर्बमा) | | | प्रतिशत परिर्वतन | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| **कुल खर्च** | **८२४.८१** | **९०८.८६** | **१०४७.७६** | **१०.२** | **१५.३** |
| *चालु खर्च* | *६३०.२०* | *७१६.८७* | *७८६.७४* | *१३.८* | *९.७* |
| *पुँजीगत खर्च* | *१२५.८८* | *११८.२७* | *१२५.६८* | *-६.०५* | *६.३* |
| *वित्तीय व्यवस्था* | *६८.७२* | *७३.७१* | *१३५.३४* | *७.३* | *८३.६* |
| **राजस्व परिचालन** | **७६१.००** | **८६५.७०** | **७५६.२५** | **१३.८** | **-१२.६** |
| *कर राजस्व* | *७०९.६२* | *७९९.६६* | *६८४.६३* | *१२.७* | *-१४.४* |
| *गैर-कर राजस्व* | *५१.३८* | *६६.०४* | *७१.६२* | *२८.५* | *८.४* |

स्रोत : महालेखा नियन्त्रक कार्यालय

३२. समीक्षा अवधिमा संघीय सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.७५६ अर्ब २५ करोड भएको छ। समीक्षा अवधिमा यस अन्तर्गत कर राजस्व तर्फ रु.६८४ अर्ब ६३ करोड र गैर कर राजस्व तर्फ रु.७१ अर्ब ६२ करोड परिचालन भएको छ (तालिका २)।

### नेपाल सरकारको नगद मौज्दात

३३. २०८० बैशाख मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१८० अर्ब ४२ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ। २०७९ असार मसान्तमा यस्तो मौज्दात रु.२२५ अर्ब ८० करोड रहेको थियो।

## प्रदेश सरकार


### खर्च तथा राजस्व

३४. समीक्षा अवधिमा प्रदेश सरकारहरुको कुल खर्च रु.१०९ अर्ब १९ करोड रहेको छ । त्यसैगरी, समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत परिचालन रु.१४२ अर्ब २८ करोड रहेको छ । समीक्षा अवधिमा यसमध्ये संघीय सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१११ अर्ब ४४ करोड छ र प्रदेश सरकारहरुले परिचालन गरेको राजस्व र अन्य स्रोतबाट रु.३० अर्ब ८४ करोड रहेको छ ।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

३५. आर्थिक वर्ष २०७९/८० को दश महिनामा विस्तृत मुद्राप्रदाय ६.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ३.८ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८० वैशाख मसान्तमा विस्तृत मुद्राप्रदाय १०.० प्रतिशतले बढेको छ ।




३६. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.२१४ अर्ब ६७ करोड (१९.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.२८८ अर्ब ५० करोड (२१.६ प्रतिशत) ले घटेको थियो ।

३७. समीक्षा अवधिमा सञ्चित मुद्रा १.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १३.३ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८० वैशाख मसान्तमा सञ्चित मुद्रा ३.९ प्रतिशतले बढेको छ ।

### कुल आन्तरिक कर्जा

३८. आर्थिक वर्ष २०७९/८० को दश महिनामा कुल आन्तरिक कर्जा ५.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ११.६ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८० वैशाख मसान्तमा यस्तो कर्जा ८.४ प्रतिशतले बढेको छ ।

३९. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दावी १३.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ५.२ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७९ वैशाख मसान्तमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दावी ४६.८ प्रतिशतले बढेकोमा २०८० वैशाख मसान्तमा यस्तो दावी ५१.१ प्रतिशतले बढेको छ ।

४०. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १४.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८० वैशाख मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ३.८ प्रतिशतले बढेको छ ।

## निक्षेप परिचालन

४१. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रु.३७० अर्ब ७८ करोड (७.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रु.२३१ अर्ब ३२ करोड (५.० प्रतिशत) ले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८० वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ११.४ प्रतिशतले बढेको छ ।

तालिका ३: बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)

| निक्षेप | असार मसान्त | | वैशाख मसान्त | |
|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०७९ | २०८० |
| चल्ती | १०.४ | ८.९ | ८.५ | ७.७ |
| बचत | ३४.२ | २७.६ | २८.१ | २५.८ |
| मुद्दती | ४७.० | ५५.८ | ५६.५ | ६०.० |
| अन्य | ८.४ | ७.७ | ६.९ | ६.५ |


४२. २०८० वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ७.७ प्रतिशत, २५.८ प्रतिशत र ६०.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ८.५ प्रतिशत, २८.१ प्रतिशत र ५६.५ प्रतिशत रहेको थियो ।

४३. २०८० वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.३ प्रतिशत रहेको छ । २०७९ वैशाख मसान्तमा यस्तो निक्षेपको अंश ३८.४ प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह

४४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.१५३ अर्ब १७ करोड (३.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु.५४८ अर्ब १४ करोड (१३.४ प्रतिशत) ले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८० वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.१ प्रतिशतले बढेको छ ।

चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (चैत)
(वार्षिक बिन्दुगत)




४५. २०८० वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६३.९ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.४ प्रतिशत र ३६.६ प्रतिशत रहेको थियो ।

४६. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ३.२ प्रतिशतले, विकास बैंकहरुको ५.० प्रतिशतले र वित्त कम्पनीहरुको १.१ प्रतिशतले बढेको छ ।

४७. २०८० वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये १२.१ प्रतिशत कर्जाको लागि चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) सुरक्षणको रुपमा रहेको छ भने ६७.३ प्रतिशत कर्जाको लागि घर जग्गा धितो सुरक्षण रहेको छ । २०७९ वैशाख मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः १२.४ प्रतिशत र ६६.९ प्रतिशत रहेको थियो ।

४८. आर्थिक वर्ष २०७९/८० को दश महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जा ७.१ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ९.१ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा ९.८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.३ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ३.६ प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको कर्जा ३.५ प्रतिशतले र उपभोग्य क्षेत्रतर्फको कर्जा ५.२ प्रतिशतले बढेको छ ।

४९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा २१.२ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ४.३ प्रतिशतले र ट्रष्ट रिसिट (आयात) कर्जा ६.२ प्रतिशतले बढेको छ

भने अधिविकर्ष कर्जा ६६.७ प्रतिशतले (पछिल्लो वर्षको कर्जाको पुनरवर्गीकरणको कारणसमेत), मार्जिन प्रकृतिको कर्जा ६.९ प्रतिशतले र हायर पर्चेज कर्जा १२.१ प्रतिशतले घटेको छ ।

### तरलता व्यवस्थापन

५०. समीक्षा अवधिमा यस बैंकबाट रिपोमार्फत रु.४१४ अर्ब ४७ करोड, सोझै खरिद बोलकबोलमार्फत रु.८९ अर्ब ७० करोड, स्थायी तरलता सुविधामार्फत रु.२७२६ अर्ब ९६ करोड र ओभरनाइट तरलता सुविधा रु.१७१८ अर्ब ८ करोड गरी कुल रु.४९४९ अर्ब २२ करोड (कारोबारमा आधारित) तरलता प्रवाह गरिएको छ भने रिभर्स रिपोमार्फत रु.५ अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विभिन्न उपकरणहरुमार्फत खुद रु.७३४२ अर्ब ६५ करोड तरलता प्रवाह गरिएको थियो ।

५१. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ४ अर्ब ७४ करोड खुद खरिद गरी रु.६१९ अर्ब ७६ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब १२ करोड खुद खरिद गरी रु.२५६ अर्ब ७३ करोड तरलता प्रवाह गरिएको थियो ।

५२. समीक्षा अवधिमा अमेरिकी डलर ३ अर्ब ८६ करोड बिक्री गरी रु.५०४ अर्ब ११ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३ अर्ब ९६ करोड बिक्री गरी रु.४७५ अर्ब ६८ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

### पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

५३. यस बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०८० वैशाख मसान्तमा रु.३ अर्ब ५६ करोड लगानीमा रहेको छ ।

५४. २०८० वैशाख मसान्तमा १ लाख ४६ हजार ८ सय ६६ ऋणीलाई प्रवाह भएको रु.२०३ अर्ब २५ करोड सहुलियतपूर्ण कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ६० हजार ७ सय १३ ऋणीलाई प्रवाह भएको रु.१३८ अर्ब ८८ करोड कर्जा बक्यौता रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ८३ हजार ३ सय ५८ महिला उद्यमीलाई प्रवाह भएको रु.६१ अर्ब ३१ करोड कर्जा बक्यौता रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ७ सय ९५ ऋणीको रु.३ अर्ब ७ करोड कर्जा बक्यौता रहेको छ ।

५५. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि प्रवाह भएको कर्जा २०८० वैशाख मसान्तमा रु.७४ करोड ८५ लाख बक्यौता रहेको छ ।

### अन्तर-बैंक कारोबार

५६. आर्थिक वर्ष २०७९/८० को दश महिनामा वाणिज्य बैंकहरुको रु.३१५० अर्ब ९५ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.२९१ अर्ब २ करोड गरी कुल रु.३४४१ अर्ब ९७ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.२४५४ अर्ब ७८ करोड र अन्य वित्तीय संस्थाहरुको रु.२८५ अर्ब ९ करोड गरी कुल रु.२७३९ अर्ब ८७ करोडको अन्तर बैंक कारोबार भएको थियो ।

### ब्याजदर

५७. २०७९ वैशाखमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ८.३० प्रतिशत रहेकोमा २०८० वैशाखमा ९.६६ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७९ वैशाखमा ६.९९ प्रतिशत रहेकोमा २०८० वैशाखमा ७.०१ प्रतिशत रहेको छ । मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७९ वैशाखमा ७.०१ प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही महिनामा यस्तो ब्याजदर ७.०० प्रतिशत रहेको थियो ।

**तालिका ४ : भारित औसत ब्याजदर स्थिति (प्रतिशत)**

| शीर्षक | २०७९ वैशाख | २०८० वैशाख |
|---|---|---|
| ९१-दिने ट्रेजरी बिल | ८.३० | ९.६६ |
| अन्तर बैंक ब्याजदर | ६.९९ | ७.०१ |
| आधार दर | ९.३० | १०.२७ |
| निक्षेपको ब्याजदर | ७.२५ | ८.०८ |
| कर्जाको ब्याजदर | ११.४२ | १२.६५ |

५८. वाणिज्य बैंकहरुको औसत आधारदर २०७९ वैशाखमा ९.३० प्रतिशत रहेकोमा २०८० वैशाखमा १०.२७ प्रतिशत कायम भएको छ । २०८० वैशाखमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ८.०८ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.६५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरु क्रमशः ७.२५ प्रतिशत र ११.४२ प्रतिशत रहेका थिए ।

### मर्जर/प्राप्ति

५९. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०८० वैशाख मसान्तसम्म कुल २५९ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १८५ संस्थाहरुको इजाजत खारेज हुन गई ७४ संस्था कायम भएका छन् ।

### वित्तीय पहुँच

६०. कुल ७५३ स्थानीय तहमध्ये २०८० वैशाखसम्म ७५२ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७९ वैशाखसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए ।

६१. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०८० वैशाख मसान्तमा ११९ रहेको छ । यसमध्ये २१ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६३ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७९ असार मसान्तमा ११,५२८ रहेकोमा २०८० वैशाख मसान्तमा ११,५६९ पुगेको छ (तालिका ५) ।

**तालिका ५: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***


| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० वैशाख मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० वैशाख मसान्त |
| वाणिज्य बैंक | २७ | २६ | २१ | ४७५३ | ५००९ | ५००३ |
| विकास बैंक | १८ | १७ | १७ | १०२३ | १११८ | ११३० |
| वित्त कम्पनी | १७ | १७ | १७ | २२२ | २६७ | २८३ |
| लघुवित्त वित्तीय संस्था | ७० | ६५ | ६३ | ४६८५ | ५१३४ | ५१५३ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१३३** | **१२६** | **११९** | **१०६८३** | **११५२८** | **११५६९** |

*यस सम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

## पुँजी बजार

६२. २०७९ वैशाख मसान्तमा २३५०.४३ रहेको नेप्से सूचकाङ्क २०८० वैशाख मसान्तमा १८२१.६५ कायम भएको छ ।

६३. २०८० वैशाख मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.२६५७ अर्ब ७६ करोड कायम भएको छ। २०७९ वैशाख मसान्तमा बजार पुँजीकरण रु.३३४३ अर्ब ५६ करोड रहेको थियो ।




६४. २०८० चैतमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २५३ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ७२ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी कम्पनी, ६ होटल, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७९ वैशाखमा सूचीकृत कम्पनीहरूको संख्या २२९ रहेको थियो ।

६५. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६४.३ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत् कम्पनीको हिस्सा १३.८ प्रतिशत, लगानी कम्पनीको हिस्सा ७.० प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ३.९ प्रतिशत, होटेलको हिस्सा २.३ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.४ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.३ प्रतिशत रहेको छ ।

६६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८० बैशाख मसान्तमा सूचीकृत ७ अर्ब २४ करोड शेयरको चुक्ता मूल्य रु.७१३ अर्ब ८७ करोड रहेको छ ।

६७. आर्थिक वर्ष २०७९/८० को दश महिनामा रु.१६६ अर्ब ४१ करोड बराबरको साधारण शेयर, रु.४५ अर्ब बराबरको विकास ऋणपत्र, रु.२९ अर्ब १९ करोड बराबरको डिबेन्चर, रु.३४ अर्ब ८१ करोड बराबरको बोनस शेयर, रु.५ अर्ब ४९ करोड बराबरको म्युचुअल फण्ड र रु.४ अर्ब १३ करोड बराबरको हकप्रद शेयरगरी कुल रु.२८५ अर्ब ३ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६८. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.११ अर्ब ६० करोड बराबरको डिबेन्चर, रु.१३ अर्ब ३५ करोड बराबरको म्युचुअल फण्ड, रु.१० अर्ब १ करोड बराबरको साधारण शेयर र रु.२ अर्ब १५ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.३७ अर्ब १२ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।